मितिः- २०८१।०६।१८ गते

स्थानः- कालिगण्डकी गाउँपालिकाको कार्यालय सभा कक्ष, गुल्मी।

समयः- विहान १०:३० बजे

कालिगण्डकी गाउँपालिकाका अध्यक्ष **श्री वेद बहादुर थापा** ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकको उपस्थिति र निर्णयहरु।

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री वेद बहादुर थापा | |
| २. | उपाध्यक्ष | श्री मन्जु कुमारी दर्लामी | |
| ३. | १.नं. वडा अध्यक्ष | श्री लालु प्रसाद पाण्डे | |
| ४. | २.नं. वडा अध्यक्ष | श्री रेशम राज न्यौपाने | |
| ५. | ३.नं. वडा अध्यक्ष | श्री रुप बहादुर श्रीस | — |
| ६. | ४.नं. वडा अध्यक्ष | श्री होम बहादुर थापा | |
| ७. | ५.नं. वडा अध्यक्ष | श्री दान बहादुर राना | — |
| ८. | ६.नं. वडा अध्यक्ष | श्री पूर्ण बहादुर थापा | |
| ९. | ७.नं. वडा अध्यक्ष | श्री घनश्याम थापा | |
| १०. | कार्यपालिका सदस्य | श्री केशरी तिमिल्सीना पाण्डेय | |
| ११. | कार्यपालिका सदस्य | श्री गुनुमाया विश्वकर्मा | गुनुमाया |
| १२. | कार्यपालिका सदस्य | श्री मेनुका न्यौपाने | |
| १३. | कार्यपालिका सदस्य | श्री सीता कुमारी थापा | |
| १४. | कार्यपालिका सदस्य | श्री अमर बहादुर विश्वकर्मा | अमर |
| १५. | कार्यपालिका सदस्य | श्री मिना परियार | — |
| १६. | प्रमुख प्रशासकीय अधिकृत | श्री नरेश गिरी | |
| १७ | स्वास्थ्य शाखा प्रमुख | श्री चन्द्र बहादुर थापा | |
| १८ | प्राविधिक शाखा | श्री सत्य नारायण राय | |
| १९ | लेखा शाखा | श्री होबनाथ पौडेल | |
| २० | आलेप | श्री गोविन्द कार्की | |
| २१ | कम्प्यूटर अपरेटर | श्री ऋषिराम राना | |
| २२ | कार्यालय सहयोगी | श्री दानमाया बुढा | |

Scanned with CamScanner

प्रस्तावहरु

१. प्रगति समिक्षा सम्बन्धमा
२. पुर्तिघाट सडक पुर्वाधार निर्माण सम्बन्धमा
३. कृषि उत्पादनको मुल्य निर्धारण सम्बन्धमा
४. गोठ पुननिर्माण अनुदान रकम भुक्तानी सम्बन्धमा
५. डीहिङ डाँडाखर्च सिंचाइ कुलो निर्माण सम्बन्धमा
६. कार्यविधि स्वीकृत गर्ने ।
७. कृषि तथा पशु विकास कार्यक्रम कार्यन्वयन प्रक्रिया स्वीकृत गर्ने

निर्णयहरु

१. कालिगण्डकी गाउँपालिका गाउँकार्यपालिकाको यस पूर्वका बैठकका निर्णयहरुको कार्यन्वयन र गाउँपालिकाको भाद्र महिनाको काम कारबाहीका साथै उपाध्यक्ष मञ्जु कुमारी दर्लामीले पेश गरेको भाद्र महिनाको मासिक अनुगमन प्रतिवेदनमाथि छलफल गरी समिक्षा गरियो ।

२. यस आर्थिक वर्षका लागि संघीय शसर्त कार्यक्रम अन्तर्गत गुल्मी जिल्ला खैरेनी, पुर्तिघाट, मजुवा, रुद्रवेणीमा सडक लगायतका पूर्वाधार निर्माण शीर्षकमा प्राप्त रकमबाट पुर्तिघाट सडक पूर्वाधार निर्माणको लागि गाउँसभाबाट स्वीकृत भएकोमा उक्त कार्यक्रम अन्तर्गत पूर्तिघाट लपर्तुङ सडक खण्ड स्तरोन्नती को लागि ठेक्का आह्वान गर्ने ।

३. कालिगण्डकी गाउँपालका र लुम्बिनी प्रदेश सरकार मूख्यमन्त्री कार्यालय बीच मूख्यमन्त्री नवप्रवद्धन कार्यक्रमका लागि भएको सम्झौता अनुसार गुन्द्रुक/ सिन्की तयारी गर्न आवश्यक कच्चा पदार्थहरु (रायो, साग मुला फर्सी) कालिमाटी फलफुल तथा तरकारी बजार विकास समितिले निर्धारण गरेको दैनिक मुल्य सूचीका आधारमा सोही अनुसारको मुल्यमा खरिद गर्ने । साथै उक्त कार्यक्रमको लागि सुन्तलाजातको जुस जाम जेली बनाउने तथा कालिगण्डकी गाउँपालिकाको नर्सरी निर्माण सम्बन्धी वार्षिक कार्यक्रमको लागि चाहिने सुन्तला प्रति किलो रु. ६० अक्षरुपी साठी मा खरिद गर्ने ।

४. कालिगण्डकी गाउँपालिका वडा नं. ४ साविक पुर्तिघाट निवासी गिर प्रसाद पुनको गोठ पुर्तिघाट भाङखर्क दमार सिरेनी मोटरबाटो निर्माणको क्रममा पहिरोको कारण २०८०।०२।२५ मा भत्किएर क्षति भएको हुँदा उक्त गोठ पुनर्निर्माणको लागि कालिगण्डकी गाउँपालिकाको विपद् व्यवस्थापन कार्यविधि बमोजिम ३० हजार सहयोग गर्ने ।

५. कालिगण्डकी गाउँपालिका वडा नं १ को डिहिङ डाँडाखर्च सिंचाई कुलो पहिरोका कारण क्षतिग्रस्त भएको हुँदा विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी निर्माण कार्य गराउने ।

६. कालिगण्डकी गाउँपालिकाको अतिरिक्त काम गरे बापतको प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधि, २०७७ को संशोधन सहितको कर्मचारीको अतिरिक्त समय काम गरेको प्रोत्साहन तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१ स्वीकृत गर्ने

८. कालिगण्डकी गाउँपालिकाको चालु आ.व का लागि स्वीकृत कृषि तथा पशु विकास शाखाका कार्यक्रम कार्यन्वयन प्रक्रिया २०८१ स्वीकृत गर्ने ।

वेद बहादुर थापा